# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १७ मई २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीको अध्यक्षतामा आगामी 24 मई मा हुने नीति आयोगको महत्वपूर्ण बैठकबारे पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीको उपस्थिति अझ सम्म स्पष्ट भएको छैन।

- मुख्यमंत्री ममता बनर्जी तीन दिवसीय भ्रमणमा आगामी सोमवार सिलगडी आउनुहुनेछ। मुख्यमंत्रीको आगमनलाई लिएर तैयारी शुरू भैसकेको छ।

- आज विश्व उच्च रक्तचाप **दिवस मनाइँदैछ**।यसको उद्देश्य उच्च रक्तचापसँग सम्बन्धित जोखिमहरूको बारेमा जागरूकता बढाउनु र यसको रोकथामका उपायहरू फैलाउनु हो।

- वन विभाग दार्जीलिङ डिभिजन, टङ्लु रेञ्ज मानेभञ्ज्याङ अनि वेस्ट बंगाल ह्युमन वेलफेयर एण्ड नेचर अर्गनाइजेशनको संयुक्त आयोजनामा निःशुल्क स्वस्थ्य जाँच, रक्तदान अनि थेलेसिमिया रोग सम्बन्धी जनचेतना शिविर सम्पन्न भएको छ।

- खरसाङको वार्ड नम्बर 19 स्थित क्याम्प साइडमा रहेको श्री श्री पाँच कन्या देवी मन्दिरमा आयोजित तीन दिवसीय माँ चण्डी यज्ञ पूजा अनुष्ठानको समापन भएको छ।

**<u>नीति आयोग-बैठक</u>**

प्रधानमंत्री नरेन्द्र मोदीको अध्यक्षतामा आगामी 24 मई मा हुने नीति आयोगको महत्वपूर्ण बैठकबारे पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीको उपस्थिति अझ सम्म स्पष्ट भएको छैन। राज्य मंत्रिमंडलका एक वरिष्ठ सदस्यले बताए अनुसार मुख्यमंत्रीले बैठकमा स्वयंम भाग लिनुहुनेछ वा कोहि प्रतिनिधिलाई पठाउनु हुनेछ,यस बारे अहिलेसम्म कुनै स्पष्ट संकेत दिनुभएको छैन। स्मरण रहोस् गत बर्ष 27 जुलाईमा भएको नीति आयोगको बैठक अवधि यस्तो आरोप लगाउदै वॉकआउट गर्नुभएको थियो कि उहाको माइक बंद गरिएको थियो अनि उहालाई केवल पांच मिनट बोलने समय दिईयो , जबकि अन्य प्रतिनिधिहरुलाई 10 देखि 20 मिनट सम्म वक्तव्य राख्ने अनुमति दिईएको थियो। तथापी केंद्र सरकारले प्रेस सूचना ब्यूरोको तथ्य जांच प्रकोष्ठको माध्यम द्वारा यी आरोप्हरुलाई रद्द गर्दै भनेको थियो कि मुख्यमंत्रीको बोलने समय समाप्त भएको थियो अनि निर्धारित प्रक्रियाको पालन गरिएको थियो।

**<u>मुख्यमंत्री- सिलगडी भ्रमण</u>**

मुख्यमंत्री ममता बनर्जी तीन दिवसीय भ्रमणमा आगामी सोमवार सिलगडी आउनुहुनेछ। मुख्यमंत्रीको आगमनलाई लिएर तैयारी शुरू भैसकेको छ। मुख्यमंत्रीले आफ्नो भ्रमणको पहिलो दिन अर्थात् सोमवार दीनबंधु मंचमा उद्योगपतिहरुसित बैठक गर्नुहुनेछ। आज मुख्यमंत्रीको भ्रमणको तैयारिहरुबारे समीक्षा गर्न दार्जिलिंग जिल्लाका जिल्लापाल प्रीति गोयल, सिलगडीका महकुमा अधिकारी साथै अन्य अधिकारी दीनबंधु मंच पुगेका थिए। यस अवधि जिल्लापालले सुरक्षा उपायहरु बाहेक अन्य मुद्दाहरु बारे पनि अधिकारिहरुसिट कुराकानी गर्नुभयो। प्रशासनिक सूत्रहरु अनुसार, मुख्यमंत्री सोमवार बागडोगरा हवाई अड्डामा उत्रिनु भए पछि सड़क मार्ग हुदै सीधा दीनबंधु मंच जानुहुनेछ अनि उद्योगपतिहरुसित बैठक गर्नुहुनेछ। त्येस पछि मंगलवार फूलबारीको वीडियोकॉन मैदानमा सरकारी सेवा वितरण कार्यक्रमलाई संबोधित गर्नुहुनेछ। त्यसै दिन मुख्यमंत्रीले उत्तरकन्यामा

प्रशासनिक बैठक गर्नुहुने सम्भावना छ। त्येस पछि भ्रमणको अंतिम दिन बुधवार, कावाखाली स्थित शिल्पी हाटको निरीक्षण गरे पछि उहाँ कोलकाता प्रस्थान गर्नुहुनेछ।

## पश्चिम बंगाल-महँगी भत्ता (DA)

पश्चिम बंगालमा सरकारी कर्मचारीहरूलाई महँगी भत्ता (डीए) तत्काल भुक्तान गर्नुपर्ने आदेश सुप्रीम कोर्टले दिएको छ। यो लड़ाईँ सरकारी कर्मचारीहरूले राज्यको ट्रिब्युनलदेखि लिएर जिल्ला तथा हाई कोर्ट र अन्तमा सुप्रीम कोर्टसम्म लड़ेका छन्। राज्य सरकारले ट्रिब्युनलको आदेशलाई मान्न अस्वीकार गरे पछि सरकारद्वारा अदालतहरूमा डीएको मागलाई लगातार चुनौती दिइयो। आश्चर्यको कुरा यो छ कि सरकारी कर्मचारीहरूलाई डीए दिन नपरोस् भनेर पश्चिम बंगाल सरकारले कोर्टमा 200 करोड़ रुपियाँ खर्च गर्‍यो, तर DA भुक्तान गरेन। यस मामिलालाई लिएर विपक्षका नेता शुभेन्दु अधिकारीले ममता ब्यनर्जी सरकारमाथि गम्भीर आरोप लगाएका छन्। उहाले दाबी गर्नु भएको छ कि राज्य सरकारले कर्मचारीहरूलाई वैध DA नदिनको लागि कानूनी लड़ाईंमा 2 सय करोड़ रुपियाँ खर्च गर्‍यो जबकि यो राशि विकास कार्यहरूमा खर्च गर्न सकिन्थ्यो। वास्तवमा हिज शुक्रवार सुप्रीम कोर्टको दुई सदस्यीय पीठ — न्यायमूर्ति सञ्जय करोल अनि न्यायमूर्ति मनोज मिश्राले आगामी चार हप्ताभित्रमा DA को 25 प्रतिशत रहल भाग भुक्तान गर्ने राज्य सरकारलाई आदेश दिएका छन्। त्यसपछि मामिलाको अघिल्लो सुनवाई हुनेछ। राज्यका विभिन्न कर्मचारी संगठनहरूको साझा मञ्च 'संयुक्तञ्मंच'-ले सुप्रीम कोर्टको फसेलालाई स्वागत गरेको छ।

## विश्व उच्च रक्तचाप दिवस

आज विश्व उच्च रक्तचाप **दिवस मनाइँदैछ**।यसको उद्देश्य उच्च रक्तचापसँग सम्बन्धित जोखिमहरूको बारेमा जागरूकता बढाउनु र यसको रोकथामका उपायहरू फैलाउनु हो। यस वर्षको नारा 'आफ्नो **रक्तचाप सही तरिकाले नाप्ने, नियन्त्रण गर्ने र लामो समयसम्म बाँच्ने' रहेको छ।** अखिल भारतीय आयुर्विज्ञान संस्थान, एम्सका मेडिसिन विभागका प्राध्यापक डा. नवल के गुप्ता अनुसार उच्च रक्तचापको लक्षण खतरनाक स्तरमा पुगेपछि देखा पर्छ। उहाको अनुसार उच्च रक्तचापका कारण मुटुसम्बन्धी रोग र मस्तिष्कघात हुन सक्छ। श्री विक्रमले नियमित रूपमा रक्तचाप नाप्नुको महत्वमाथि प्रकाश पार्नुभयो। स्वस्थ जीवनशैली, शारीरिक गतिविधि, तनाव कम गर्ने र खानपानमा परिवर्तन गरेर उच्च रक्तचापबाट बच्न सकिने उहाको भनाइ छ। श्री विक्रमले उच्च रक्तचापबाट बाच्न नुनको सेवनमा पनि नियन्त्रण राख्नुपर्नेमा जोड दिनु भयो।

## जनचेतना शिविर

वन विभाग दार्जीलिङ डिभिजन, टङ्लु रेञ्ज मानेभञ्ज्याङ अनि वेस्ट बंगाल ह्युमन वेलफेयर एण्ड नेचर अर्गनाइजेशनको संयुक्त आयोजनामा निःशुल्क स्वस्थ्य जाँच, रक्तदान अनि थेलेसिमिया रोग सम्बन्धी जनचेतना शिविर सम्पन्न भएको छ। यो शिविर मझुवा ग्रामको किराँत संघ भवन र डा.राधाकृष्णन उच्चत्तर माध्यमिक विद्यालय परिसरमा सम्पन्न भएको छ। दार्जीलिङ डिभिजन DFO जनब सेख फरिदको प्रमुख आतिथ्यमा सम्पन्न शिविरमा टङ्लु मानेभञ्ज्याङ रेञ्ज RO दिगन्त मैती, डा. राधाकृष्णन उच्चत्तर माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेम कुमार राई, मजुवा ग्राम प्रधान रोगेन वाङ्दी लेप्चा लगायत अन्यहरूको उपस्थिति रहेको थियो भने शिविरमा निःशुल्क स्वस्थ्य जाँचहरूमा आँखा, दाँतसँगै 30 जनाले रक्तदान गरे। यसै गरी 2 सयभन्दा अधिकले थेललेसिमिया रोग सम्बन्धित रक्त जाँच गरे भने थेलेसिमिया रोग के हो? कसरी बाँच्न सकिन्छ? भन्ने विषयमा जनचेतनामूलक शिविरमा भाग लिएका थिए।

## सुन्तला- पारम्परिक खेती

दार्जीलिङ पहाडको विभिन्न स्थानहरु मध्ये अत्यधिक मात्रामा सुन्तलाको खेती मिरिक क्षेत्रमा गरिन्छ।तथापि , बिशेष गरि मन्दारिन सुन्तलाको पारम्परिक खेती सङ्गै यसलाई समयको माग अनुसार बैज्ञानिक पद्धतिमा उन्नत गर्न पर्ने आवश्यकता बोध गर्दै आगामी 27 मईको दिन दार्जीलिङ सुन्तला किसान एवं उत्पादक संघले मिरिक बस्ती स्थित पहिला गाउँ, लेप्चा भवनमा जागरुकता कार्यक्रम गर्ने भएको छ।

## माँ चण्डी यज्ञ पूजा

खरसाङको वार्ड नम्बर 19 स्थित क्याम्प साइडमा रहेको श्री श्री पाँच कन्या देवी मन्दिरमा आयोजित तीन दिवसीय माँ चण्डी यज्ञ पूजा अनुष्ठानको समापन भएको छ। क्याम्प साइड पूजा समितिको आयोजनामा गत 15 मईदेखि शुरु भएको यस पूजा अनुष्ठानको प्रमुख पुरोहित वेद प्रकाश शर्मा रहेका थिए। यस पूजा विषयमा पुरोहित वेद प्रकाश शर्माले यस पूजाको पहिलो दिन शैल्य पुत्रीको पूजा र चण्डी पाठको पूजा भएको र दोस्रो दिन ब्रम्हचारिणीको पूजा, चण्डीपाठ र आरती सम्पन्न भएको जानकारी गराएका छन्। तेस्रो दिन चन्द्र घण्टा माताको पूजा, कुमारी पूजा, कुमार पूजा, हवन र समापनको पूजा सम्पन्न भएको उहाले जानकारी गराउनु भएको छ।

****** ० ******